# वातावरणीय तथा सरसफाई सचेतना जागरणका लागि खेलाडी कलाकार तथा स्वयंमसेवक समन्वय,, परिचालन तथा अनुगमन गर्ने सम्वन्धी कार्यविधि, २०७६

(मस्यौदा)

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वातावरण विभाग

# वातावरणीय तथा सरसफाई सचेतना जागरणका लागि खेलाडी कलाकार तथा स्वयंमसेवक समन्वय, परिचालन तथा अनुगमन गर्ने सम्वन्धी कार्यविधि, २०७६

(मस्यौदा)

प्रस्तावनाः

देशभित्रका नदी, खोला, नाला, पोखरी, तालतलैया, धार्मिक-सांस्कृतिक सम्पदा तथा सार्वजनिक स्थलको संरक्षण तथा सम्बर्द्धन संघीय सरकारको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकोले यसमा सार्वजनिक-निजी-सहकारी-समुदायका साथै संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय एवं सहकार्यको खाँचो पर्दछ । नेपाल सरकारले वातावरण संरक्षणको क्षेत्रमा विभिन्न कार्यहरु गरिरहेको सन्दर्भमा नेपाल स्वच्छ वातावरण महाअभियानका विभिन्न कार्यक्रमहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न स्वयंसेवालाई पूरककोरुपमा लैजान आवश्यक पर्ने बृहत् जनशक्तिलाई सेवाभावले स्वेच्छापूर्वक सहभागी हुने वातावरण निर्माण गरी "समृद्ध नेपालः सुखी नेपाली" को नारालाई मूर्तरुप दिन राष्ट्रनिर्माणको अभियानमा आमनागरिकलाई संलग्न हुने महत्वपूर्ण अवसर प्रदान गर्नको लागि राष्ट्रव्यापी रुपमा स्वयंसेवा अभियानलाई व्यवस्थित गर्न आवश्यक छ । पन्ध्रौ योजना (आ. व. २०७६/७७–२०८०/८१) को आधारपत्रले वातावरण सम्बन्धी अनुसन्धानका क्रियाकलापहरु सञ्चालनमा संघ, प्रदेश र स्थानीय तह, दातृ निकाय, गैरसरकारी संस्था, सामुदायिक संस्था एवं प्राज्ञिक निकायहरूबीच समन्वय र साझेदारी गर्ने गरी कार्यनीतिमा समावेश गरेको र वातावरण संरक्षणका लागि खेलाडी, कलाकार, स्वयंसेवक, गैरसरकारी संस्थाहरुसँग आपसी सहयोग र साझेदारी गरी वातावरणीय स्वच्छता कायम गर्न सचेतना जागरण सम्बन्धी कार्य गर्ने उद्देश्यले "वातावरणीय तथा सरसफाई सचेतना जागरणका लागि खेलाडी कलाकार तथा स्वयंमसेवक समन्वय, परिचालन तथा अनुगमन गर्ने सम्वन्धी कार्यविधि, २०७६" जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम "वातावरणीय तथा सरसफाई सचेतना जागरणका लागि खेलाडी, कलाकार तथा स्वयंमसेवक समन्वय, परिचालन तथा अनुगमन गर्ने सम्वन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कलाकार" भन्नाले कलाकारिता पेशामा आवद्द भएको राष्ट्रियस्तरका जुनसुकै व्यक्तिलाई सम्झनुपर्छ।

(ख) "कार्यान्वयन समिति" भन्नाले दफा ५ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(ग) "खेलाडी" भन्नाले विभिन्न खेलकुदसंग सम्बन्धित खेलाडीलाई सम्झनुपर्छ र यस शब्दले विभिन्न खेलकुदसंग सम्वन्धित फुर्व खेलाडी, खेल प्रशिक्षक समेतलाई जनाउँदछ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले सम्वन्धित प्रदेशको उद्योग, प्रर्यटन, वन तथा वातारण मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।"विभाग" भन्नाले वातावरण विभाग सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ।

(छ) "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकालाई सम्झनुपर्छ ।

(ज) "स्वयंसेवक" भन्नाले वातावरणीय स्वच्छता कायम गर्न सघाउ पुऱ्याउने, सरसफाई कार्यमा सरिक हुने नेपाली नागरिकलाई सम्झनुपर्दछ र यस शब्दले वातावरणीय स्वच्छता कायम गर्न वा सरसफाई कार्यक्रम सञ्चालन गर्न प्रदेश मन्त्रालय वा स्थानिय निकायले खटाई पठाउने जुनसुकै व्यक्ति वा संस्थालाई समेत जनाउँदछ ।

(झ) "स्वयंसेवा" भन्नाले सुविधा लिई वा नलिई स्वस्फूर्त रुपमा गरिने परोपकारी तथा स्वयंसेवी क्रियाकलापलाई सम्झनुपर्छ।

(ञ) "संघ-संस्था" भन्नाले प्रचलित कानून अनुसार दर्ता भएका संगठित संस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद २
## खेलाडी/ कलाकार/ स्वयंसेवक परिचालनका उद्देश्य र आधार

**३. खेलाडी/ कलाकार/ स्वयंसेवक परिचालनका उद्देश्य:** खेलाडी/ कलाकार/ स्वयंसेवक परिचालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै समग्र देशको वातावरणीय स्वच्छता कायम गराउन सघाउ पुऱ्याउने,

(ख) सार्वजनिकस्थल तथा महत्वपूर्ण सम्पदा र खुला क्षेत्रको सरसफाईलाई व्यवस्थित बनाई स्वच्छ, सफा, स्वस्थ, सुन्दर र सभ्यस्थलको पहिचान कायम गर्न सहयोग गर्ने,

(ग) वातावरणीय प्रदूषण नियन्त्रण, सरसफाईका क्षेत्रमा जनचेतना जगाउने,

(घ) सरसफाई सम्बन्धी कार्यमा सहभागी भई व्यवहार परिवर्तनमा सघाउ पुऱ्याउने,

(ङ) समुदायस्तरबाटै स्वयंसेवी भावनाको विकास गर्ने,

(च) सरसफाई अभियानलाई आमनागरिकको जीवनको अभिन्न अंगको रुपमा विकास गर्दै यसमा आम नागरिकको सहभागिता अभिवृद्दि साथै सुनिश्चित गर्ने,

(छ) सरसफाई सम्बन्धमा विगतका प्रयासहरुलाई संस्थागत गर्दै यसलाई थप प्रभावकारी र दीगो बनाउने,

(ज) अल्पकालीन अवधिको लागि दक्ष व्यक्तिको सीप, दक्षता र क्षमताको सदुपयोग गरी प्रदूषण नियन्त्रण, सरसफाई तथा हरियाली प्रवर्द्धन गर्न सहजीकरण गर्ने,

<u>४. खेलाडी/ कलाकार/ स्वयंसेवक परिचालनका कार्यक्षेत्रहरु:</u> खेलाडी/ कलाकार/ स्वयंसेवक परिचालनका क्षेत्रहरु देहाय वमोजिम हुनेछन्:-

(क) नेपाल सरकारले वातावरण संरक्षणका क्षेत्रमा गरिरहेका कार्यहरुलाई थप प्रभावकारी बनाउन आवश्यक सचेतना फैलाउने कार्य गर्ने,

(ख) हरियाली प्रवर्द्धन कार्य गर्ने वा गराउने,

(ग) नदी, खोला, नाला, पोखरी, ताल तलैयालाई सफा राख्ने,

(घ) सडक, चोक, पार्क, उद्यान, चउर, खुल्ला तथा सार्वजनिक क्षेत्रको सरसफाईको उचित प्रवन्ध गर्ने वा आवश्यक सहयोग गर्ने,

(ङ) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरलाई सफासुग्घर राख्ने,

(च) जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने,

(छ) स्थानीयस्तरमा आफ्नो क्षेत्रभित्रको सरसफाईमा सरकारको नेतृत्वदायी भूमिका स्थापित गर्दै यस अभियानमा निजी तथा सहकारीक्षेत्र, नागरिक समाज, सामाजिक अभियन्ता तथा आम नागरिकलाई समेत परिचालन गर्ने।





**५. कार्यान्वयन समितिको गठनः** (१) यस खेलाडी/ कलाकार/ स्वयंसेवक परिचालनको कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहेनछः-

क) महानिर्देशक, वातावरण विभाग - संयोजक

ख) उप-महानिर्देशक, वातावरण विभाग - सह-संयोजक

ग) प्रतिनिधि (अधिकृतस्तर), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

घ) प्रतिनिधि (अधिकृतस्तर), वातावरण तथा जैविक विविधता महाशाखा, वन तथा वातावरण मन्त्रालय - सदस्य

ङ) प्रतिनिधि (अधिकृतस्तर), योजना अनुगमन, तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय - सदस्य

च) प्रतिनिधि (अधिकृतस्तर), संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय - सदस्य

छ) उप-सचिव, प्रदुषण नियन्त्रण तथा नियमन शाखा,वातावरण विभाग - सदस्य

ज) लेखा अधिकृत, वातावरण विभाग - सदस्य

झ) उप-सचिव, प्रशासन तथा योजना शाखा,वातावरण विभाग - सदस्य सचिव

(२) कार्यान्वयन समितिको वैठकमा आवश्यकता अनुसार अन्य निकायका प्रतिनिधि र विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले समितिको वैठक बोलाउने छ ।

(४) कार्यान्वयन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) कार्यान्वयन समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै तय गर्नेछ ।

**६. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधि बमोजिमका कार्यलाई सहजीकरण र व्यवस्थित गर्ने सम्बन्धमा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) पेश हुन आएका प्रस्ताव कार्यान्वयनका लागि सचिवालय मार्फत सम्बन्धित प्रदेश मन्त्रालयमा पठाउने,

(ख) कार्यक्रमको नियमित अनुगमन गर्नका लागि सचिवालयलाई आवश्यक निर्देशन दिने,

(ग) खेलाडी, कलाकार, स्वयंसेवकलाई दिइने सम्मान, प्रशंसापत्रको विषयमा आवश्यक निर्णय गर्ने,

**७. सचिवालय:** यस कार्यविधिको कार्यान्वयनका लागि वातावरण विभागको प्रशासन तथा योजना शाखाले सचिवालयको कार्य गर्नेछ ।

**८. सचिवालयको काम, कर्तव्य र अधिकार:** (१) यस कार्यविधिको कार्यान्वयन गर्ने प्रयोजनका लागि सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्यान्वयन समितिको निर्देशन बमोजिम कार्यक्रम सम्बन्धी सूचना प्रवाह, प्रकाशन गर्ने,

(क) वातावरणीय तथा सरसफाई सचेतना जागरणका लागि खेलाडी कलाकार तथा स्वयंमसेवक समन्वय र परिचालन गर्न प्रदेश मन्त्रालय तथा प्रदेश मन्त्रालयको सिफारिस सहित स्थानीय तहबाट प्रस्ताव माग गर्ने,

(ख) यस कार्यविधि बमोजिम कार्यन्वयन भएका कार्यक्रमहरुको अद्यावधिक अभिलेख राख्ने र प्रतिवेदन तयार गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने,

## परिच्छेद ५
## कार्यक्रम संचालन

**९. कार्यक्रम संचालन:** यस प्रयोजनका लागि देहाय बमोजिम कार्यक्रम संचालन गरिनेछः-

(१) विभागको विनियोजित वार्षिक स्वीकृत बजेटमा छुट्याइएको रकमलाई देहाय अनुसार विभाजन गरी कार्यक्रम संचालन गरिनेछ ।

(क) संघीय मन्त्रालय रहेको प्रदेशमा प्रदेश मन्त्रालयबाट सिफारिस भएका स्थानहरुमा आठ वटा कार्यक्रम र अन्य प्रदेश मन्त्रालयबाट सिफारिस भएका स्थानहरुमा सात वटा कार्यक्रम गरी जम्मा ५० वटा कार्यक्रम संचालन गर्ने,

(ख) प्रदेश नं ३ को प्रदेश मन्त्रालयले दुई वटा कार्यक्रम संचालन गर्नेछ भने अन्य प्रदेश मन्त्रालयहरुले एक एक वटा कार्यक्रम संचालन गर्ने,

(ग) प्रत्येक प्रदेश मन्त्रालयले प्रस्ताव छनौटको आधारका अधिनमा रही समभव भए सम्म यस कार्यविधिमा उल्लेखित विभिन्न क्षेत्र समेटने गरी छ वटा स्थानीय तहको प्रस्ताव छनौट गरी सचिवालयमा पठाउने,

(घ) प्रदेश मन्त्रालयले स्थानीय तहको प्रस्ताव छनौट गर्दा देहायका आधारहरुलाई अवलम्बन गर्नु पर्नेछ ।

(अ) दफा ४ मा उल्लेखित कार्यक्षेत्र भित्रको प्रस्ताव हुनु पर्ने,

(आ) लागत साझेदारी बढी गर्ने स्थानीय तहलाई प्राथमिकता दिने,

(इ) स्थानीयस्तरका कलाकार, खेलाडी परिचालनको सुनिश्चिता भएकोलाई प्राथमिकता दिने,

(ङ) छनौट भएका प्रत्येक कार्यक्रम कार्यन्वयनका लागि बढीमा तीन लाख नब्बे हजार रुपैयाँ उपलब्ध गराउन सकिनेछ । उक्त कार्यक्रम प्रदेश मन्त्रालय वा स्थानीय तहसँग सम्झौता गरी संचालन गर्न सकिनेछ । बाँकी रकम सूचना प्रकाशन, प्रमाण-पत्र वितरण, बैठक भत्ता, अनुगमन तथा मुल्यांकन लगायतका प्रशासनिक कार्यमा खर्च गरिनेछ ।

(च) कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पर्ने औजार, उपकरण र सरसफाईसंग सम्बन्धित अन्य सामाग्री सम्बन्धित प्रदेश र स्थानीय तहले नै मापदण्डको सिमा भित्र रही व्यवस्थापन, संचालन र परिचालन गर्ने,

(छ) कार्यक्रम सम्पन्न भए पश्चात सो सँग सम्बन्धित सक्कल बिल भरपाई सहितको प्रतिवेदन पेश गरेपछि मात्र विभागले सम्झौतामा उल्लेखित रकम भुक्तानी गर्ने,

(२) अभियानमा खटिने स्वयंसेवकलाई वैतनिक सुविधा नदिने, खाजा खर्च स्वरुप बढीमा रु १००/- प्रतिदिन उपलब्ध गराउने ।

(३) सचेतना जागरण अभियानमा संलग्न हुन चाहने राष्ट्रिय खेलाडी, कलाकार र स्वयंसेवकलाई कार्यक्रम सम्पन्न पश्चात सम्मान स्वरुप प्रमाणपत्र/प्रशंसापत्र उपलब्ध गराउने ।

(४) प्रस्तुत कार्यक्रमका लागि प्रदेश र स्थानीय तहका नियमित कर्मचारीहरुबाट नै कार्यक्रम कार्यान्वयन गराउने, थप कर्मचारी सेवा करारमा नलिने ।

(५) प्रस्तुत कार्यक्रम संचालन गर्दा यस कार्यविधिमा उल्लेख भए बमोजिमका खेलाडी, कलाकार, स्वयंसेवक, संघ संस्था लाई परिचालन गर्नु पर्नेछ ।

(६) कुनै प्रदेश मन्त्रालयबाट आवश्यक संख्यामा स्थानीय तहको प्रस्ताव छनौट भई नआएमा कार्यान्वयन समितिको सिफारिस अनुसार विभाग आफै वा कुनै प्रदेश मन्त्रालय वा कुनै स्थानीय तहबाट उक्त कार्यक्रम संचालन गर्न सकिने ।

## परिच्छेद ६
## विविध

**१०. अभिलेख राख्ने:** संचालन हुने कार्यक्रमको विवरण संकलन तथा एकीकृत गरी मन्त्रालयको वातावरण तथा जैविक विविधता महाशाखाले अभिलेख राख्नेछ ।

**११. प्रतिवेदन पेश गर्ने:** कार्यक्रम कार्यान्वयन गरे पश्चात ३० दिन भित्र स्थानीय तहले सम्बन्धित प्रदेश मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ । सम्बन्धित प्रदेश मन्त्रालयले उक्त प्रतिवेदन सचिवालयमा पेश गर्नेछ । स्थानीय तह तथा प्रदेश मन्त्रालयले कार्य सम्पादन प्रतिवेदन पेश गर्दा कार्यक्रम सँग सम्बन्धित श्रव्य दृश्य, फोटोग्राफि समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

**१२. अनुगमन मुल्यांकन गर्ने:** (१) यस कार्यविधि बमोजिम गरेका कार्यको सघन अनुगमन वातावरण विभागले गरी प्रतिवेदन तयार गर्नु पर्नेछ । स्थानीय तहको कार्यक्रमको हकमा विभागले प्रदेश मन्त्रालय मार्फत पनि अनुगमन गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा वातावरण विभागले कार्यक्रम संचालनमा देखिएका समस्या भए त्यसको समाधानका उपाय सहितको समष्टिगत प्रतिवेदन तयार गरी कार्यान्वयन समितिमा पठाउनेछ ।

**१३. कार्यविधिको व्याख्या:** यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या मन्त्रालयले गर्नेछ ।

**१४. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

**१५. कार्यविधिको संशोधन:** यस कार्यविधिको संशोधन आबश्यकता अनुसार मन्त्रालयले गर्नेछ।

**१६. बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय मन्त्रालयले गर्नेछ ।